बर्दिवास नगरपालिकाका नगर प्रमुख श्री प्रहलाद कुमार क्षेत्री ज्युको अध्यक्षतामा मिति २०८३ साल साउन २८ गते बिहिवार बसेको नगरकार्यपालिका बैठकबाट देहायबमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री प्रहलाद कुमार क्षेत्री | प्रमुख | |
| २ | श्री तारा देवी | उप प्रमुख | तारा |
| ३ | श्री भोला खड्का | वडा अध्यक्ष-१ | |
| ४ | श्री धिरेन्द्र कुमार सिंह | वडा अध्यक्ष-२ | |
| ५ | श्री विराट कुमार विष्ट | वडा अध्यक्ष-३ | |
| ६ | श्री अक्कल बहादुर तमाङ | वडा अध्यक्ष-४ | |
| ७ | श्री काहार मान स्याङ्गवा | वडा अध्यक्ष-५ | |
| ८ | श्री पदम बहादुर आले | वडा अध्यक्ष-६ | |
| ९ | श्री रामस्वगारथ यादव | वडा अध्यक्ष-७ | |
| १० | श्री समसेर सिंह | वडा अध्यक्ष-८ | |
| ११ | श्री घुरन महतो | वडा अध्यक्ष-९ | |
| १२ | श्री प्रमोद कुमार मोक्तान | वडा अध्यक्ष-१० | |
| १३ | श्री पूर्ण वहादुर बल | वडा अध्यक्ष-११ | |
| १४ | श्री राम किशोर साह | वडा अध्यक्ष-१२ | |
| १५ | श्री लक्ष्मण सिंह | वडा अध्यक्ष-१३ | |
| १६ | श्री विजय कुमार महतो | वडा अध्यक्ष-१४ | |
| १७ | श्री विन्देश्वर साह | कार्यपालिका सदस्य | |
| १८ | श्री रामचलित्तर पंजियार | कार्यपालिका सदस्य | |
| १९ | श्री लक्ष्मी कोइराला | कार्यपालिका सदस्य | |
| २० | श्री अन्सीला कुमारी | कार्यपालिका सदस्य | |
| २१ | श्री विना कुमारी पाख्रिन | कार्यपालिका सदस्य | |
| २२ | श्री प्रतिमा कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री ऐश्वर्य वोम्जन तमाङ | कार्यपालिका सदस्य | |
| २४ | श्री राममणि अधिकारी | प्र. प्र. अ. (सदस्य सचिव) | |

**बैठकका प्रस्तावहरु:**

१) छुट सामाजिक सुरक्षा भत्ता सम्बन्धमा,

२) म्याद थप सम्बन्धमा,

३) सेवा करार सम्बन्धमा,

४) जनशक्ति व्यवस्थापन सम्बन्धमा,

५) EMR पूर्ण रुपमा लागू गर्ने सम्बन्धमा,

६) सशर्त अनुदानको रकम Breakdown सम्बन्धमा,

७) फोहोर व्यवस्थापन सम्बन्धमा,

८) खानेपानी छानविन समितिको म्याद थप सम्बन्धमा,

९) आशा विशेष पाठशाला तथा पुनर्स्थापना केन्द्रको विधान स्वीकृति सम्बन्धमा,

१०) कार्यविधि सम्बन्धमा,

११) मेयर कृषि कायर्कमको निजि जग्गा फुकुवा गर्ने सम्बन्धमा,

१२) छुट जग्गा बर्गिकरण थप गर्ने सम्बन्धमा,

१३) आर्थिक सहयोग सम्बन्धमा,

१४) बर्दिबास अस्पतालमा हाड जोर्नी सम्बन्धी विशेषज्ञ चिकित्सक सम्बन्धमा

१५) शहरी स्वास्थ्य केन्द्र सञ्चालन सम्बन्धमा,

१६) प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची सम्बन्धमा

**बैठकका निर्णयहरु:**

१) **प्रस्ताव नम्बर एक उपर छलफल गर्दा,** प्राविधिक कारणले देहायका लाभग्राहीहरुको सामाजिक्र सुरक्षा भत्ता रकम भुक्तानी गर्न नसकिएकोले सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०८२ को दफा १७ को (७) बमोजिम भुक्तानी हुन बाकी रकम उपलब्ध गराउन महिला,बालबालिका,लैङ्गिक् तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो।

२) **प्रस्ताव नम्बर दुई उपर छलफल गर्दा,** अस्पताल व्यवस्थापन समितिको मिति २०८३/०४/०१ को निर्णय अनुसार बर्दिबास अस्पतालमा बर्दिबास नगरपालिकाको तर्फबाट करार गरिएका चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको हकमा निजहरुको कार्य सम्पादन सन्तोषजनक देखिएकाले आ.व. २०८३/८४ को लागि म्याद थप गर्न सिफारिस भएअनुसार २०८३/०४/०१ गते देखी २०८४ साल असार मसान्त सम्म लागु हुने गरी म्याद थप निर्णय गरियो।

३) **प्रस्ताव नम्बर तीन उपर छलफल गर्दा,** अस्पताल व्यवस्थापन समितिको मिति २०८३/०४/०१ को निर्णय अनुसार नेपाल सरकार छात्रवृत्ति करार सेवा अन्तर्गत बर्दिबास अस्पतालमा सेवारत रहनु भएका कन्सल्टयान्ट

फिजिसियन डा. रितेश घिमिरेको करार अवधि यहि मिति २०८३ साल श्रावण ६ गते समाप्त भएकोले बर्दिबास अस्पतालमा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८३ को दफा १० को उपदफा (२) मा भएको व्यवस्था बमोजिम नगरपालिका/अस्पतालको आन्तरिक श्रोतबाट तलब भत्ता भुक्तान हुने गरी मिति २०८३/०४/०७ देखी २०८४ असार मसान्तसम्मको लागि निजको करार अवधि थप गर्ने निर्णय गरियो साथै उक्त अस्पतालमा अर्को व्यवस्था नहुन्जेलसम्मको लागि निज कन्सल्ट्यान्ट फिजिसियन डा. रितेश घिमिरेलाई निमित्त मेडिकल सुपरिटेन्डेन्ट को जिम्मेवारी दिने गर्ने निर्णय गरियो।

**४) प्रस्ताव नम्बर चार उपर छलफल गर्दा, अस्पताल व्यवस्थापन समितिको मिति २०८३/०४/०१ को निर्णय अनुसार** बर्दिबास अस्पतालको सेवा प्रवाह निरन्तर र गुणस्तरीय रुपमा व्यवस्थापन गर्न जनशक्तिको अभाव देखिएकाले बर्दिबास नगरपालिकाबाट स्वीकृत दरबन्दी संरचनाको अन्तर्गत रिक्त रहेका पदहरुमा जनशक्ति व्यवस्थापनका लागि अनुरोध भए बमोजिम बर्दिबास अस्पतालबाट नै देहायका जनशक्ति व्यवस्थापनको आवश्यक कार्य गर्न स्वीकृति दिने निर्णय गरियो।

| क्र.स. | रिक्त पदको विवरण | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १ | ग्राईनोकोलोजिस्ट (नवौ) | १ | |
| २ | मेडिकल अधिकृत (आठौं) | २ | |
| ३ | फार्मेसी सहायक (पाचौ) | १ | |
| ४ | स्टाफ नर्स (पाचौ) | ४ | |
| ५ | फिजियोथेरापी सहायक (पाचौ) | १ | |
| ६ | ल्याब टेक्निसियन (पाचौ) | १ | |
| ७ | एनेस्थेसिया सहायक (पाचौ) | १ | |
| ८ | सहायक कम्प्युटर अपरेटर (चौथो) | २ | |
| ९ | कार्यालय सहयोगी (श्रेणी विहिन) | २ | |
| १० | सरसफाईकर्मी (श्रेणी विहिन) | २ | |
| ११ | पाले (श्रेणी विहिन) | ३ | |
| १२ | शव वाहन चालक | १ | |

**५) प्रस्ताव नम्बर पाँच उपर छलफल गर्दा, बर्दिबास अस्पतालमा जडान भएको EMR Software मिति: २०८३/०५/०१ गते देखी पूर्ण रुपमा लागू गर्न निर्देशन दिने निर्णय गरियो।**

**६) प्रस्ताव नम्बर छ उपर छलफल गर्दा, अस्पताल व्यवस्थापन समितिको मिति २०८३/०४/०१ को निर्णय अनुसार नेपाल सरकारबाट सशर्त अनुदान प्राप्त बर्दिबास अस्पताल सुदृढीकरण परियोजना अन्तर्गतको तपसिल अनुसारको रकमलाई देहाय बमोजिम Breakdown गरी संचालन गर्न स्वीकृति दिने निर्णय गरियो। गर्ने निर्णय गरियो।**

| क्र.स. | कृयाकलापको नाम | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १ | HDU का लागि आवश्यक सामाग्री तथा उपकरण | ८०,०००००/- | |

| | | | |
|---|---|---|---|
| | खरिद | | |
| २ | HDU संचालन गर्ने कक्ष Operation Theater र आकस्मिक विभाग अगाडी Flooring/Tiles | २५,०००००/- | |
| ३ | Oxygen Plant स्थापना र Central Supply System निर्माण तथा अन्य व्यवस्थापकीय कार्य | ३५,०००००/- | Rotary Club of Bardibas सँगको सहकार्य समेत |

७) प्रस्ताव नम्बर सात उपर छलफल गर्दा, बर्दिबास नगरपालिकाले दैनिक रुपमा ४ वटा ट्याक्टरले डम्पिङ्ग साइटसम्म फोहोरलाने कार्य गरिरहेकोमा हाल ग्राहक संख्यामा बृद्धि भइ २८०० घरधुरी पुगेकोले फोहोर व्यवस्थापनलाई थप छिटो र सहज बनाउन १ वटा ट्याक्टर र १ जना कामदार थप गर्ने निर्णय गरियो।

८) प्रस्ताव नम्बर आठ उपर छलफल गर्दा, बर्दिबास साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको छानविन गर्न मिति २०८२ माघ ४ गते गठन भएको छानविन समितिले म्याद थपको लागि निवेदन पेश गरेको हुँदा समाप्त भएको मिति देखि लागु हुने गरी असोज मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो।

९) प्रस्ताव नम्बर नौ उपर छलफल गर्दा, बर्दिबास नगरपालिका वडा नं. २ मा सञ्चालनमा रहेको आशा विशेष पाठशाला तथा पुनर्स्थापना केन्द्रको विधान स्वीकृति गर्ने निर्णय गरियो।

१०) प्रस्ताव नम्बर दश उपर छलफल गर्दा, देहाय बमोजिमको कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो।

१. दोहोरी साँझ,डान्सबार,मसाज तथा स्पा व्यवसाय दर्ता तथा नियमन कार्यविधि,२०८३
२. दुधकोष स्थापना तथा सञ्चालन कार्यविधि,२०८३
३. दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि,२०८२ को दफा ३ को बुँदा २ हटाइ देहाय बमोजिमको बुँदा राख्ने।
" बार्षिक कम्तिमा एक सय दिन सम्मको दुध संकलनको कारोबार गरेको हुनु पर्ने"

११) प्रस्ताव नम्बर एघार उपर छलफल गर्दा, जिल्ला प्रशासन कार्यालय,महोत्तरीको च.न.४९२३,मिति २०८३/०३/३१ गतेको पत्राअनुसार बर्दिबास नगरपालिकाको प्राकृतिक स्रोत व्यवस्थापन कलेज, कृषि कार्यक्रम र नगरपालिका प्रयोजनको लागि जग्गा प्राप्ति गर्न मिति २०७८/०५/०४ को राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार उक्त जग्गा अधिग्रहण नगरिदि[illegible] निवेदनका सम्बन्धमा राय माग भएको हुँदा: प्रस्तुत कार्यक्रम विगत ३ बर्ष देखि अधुरो रहेको, नगरपालिकासंग प्रयाप्त बजेट नहुदा तत्काल उल्लेखित जग्गा उपयोगमा लिई उक्त कार्यक्रम संचालन गर्न सकिने अवस्था विद्यमान नदेखिएको, व्यक्तिहरुको जग्गा रोक्का भइ ब्यक्तिहरुलाइ असुविधा भएको र उक्त क्षेत्रमा उपलब्ध रहेका सार्वजनिक प्रकृतिका जग्गाहरुको नै अधिकतम प्रयोग गरी कार्यक्रम संचालन गर्ने प्राथमिकता रहेकोले हाल तपसिल बमोजिमका जग्गाहरु फुकुवा गर्न उपयुक्त हुने राय पेश गर्ने निर्णय गरियो।

CamScanner

| क.स. | गा.वि.स. | वडा नं. | कित्ता नं. | |
|---|---|---|---|---|
| | | | साबिक | हाल |
| १. | २५ नं. बहादुरगंज | ४(ज) | २३ | २३ |
| २. | | | २२ | २२ |
| ३. | | | १८ | १८ |
| ४. | | | १५ | १५ |
| ५. | | | १४ | ३६ |
| | | | | ३७ |
| ६. | | | २१ | २१ |
| ७. | | | २४ | ९८ |
| | | | | १०१ |
| ८. | | | ११ | ११७ |
| | | | | ११८ |
| ९. | | | ९८ | १२९ |
| | | | | १३० |
| १०. | | | ९३ | १७६ |
| | | | | १७७ |
| ११. | | | ९४ | १७८ |
| | | | | १७९ |
| १२. | | | १०० | १६१ |
| | | | | १६२ |
| १३. | | | १०४ | १६३ |
| १४. | | | १०१ | १८२ |
| | | | | १८३ |
| १५. | | | १६६ | १६८ |
| १६. | | | २४ | ९२ |
| | | | | ९५ |
| | | | | ९६ |
| | | | | ९९ |
| | | | | १०२ |
| | | | | १०३ |
| १७. | | | ११८ | १२१ |
| १८. | | | १२२ | १५४ |
| १९. | | | १५५ | १५६ |
| | | | | १५७ |
| | | | | १५८ |
| २०. | | | १६४ | १६५ |
| २१. | | | १६६ | १६७ |

**१२)** प्रस्ताव नम्बर बाह उपर छलफल गर्दा, बर्दिबास नगरपालिका भित्र जग्गा बर्गिकरण गर्दा छुट भएका जग्गाहरुको हकमा पुन नया बर्गिकरणको प्रकृया अगाडी बढाउने निर्णय गरियो।

१३) प्रस्ताव नम्बर तेह्र उपर छलफल गर्दा, देहायका व्यक्तिहरुलाइ आर्थिक सहयोग गर्ने निर्णय गरियो।

१. बर्दिबास नगरपालिका वडा नं. २ को मिति २०८३/०४/ २७ गतेको पत्रानुसार बर्दिबास नगरपालिका वडा नं. २ बस्ने नर बहादुर खपाङ्गीको छोरी नावमी खपाङ्गीको कलेज प्रत्यारोपण गर्नु पर्ने भएको र निजको आर्थिक अवस्था कमजोर रहेकोले रु ५१,०००/-(एकाउन्न हजार) आर्थिक सहयोग गर्ने ,

२. बर्दिबास नगरपालिका वडा नं. १२ को मिति २०८३/०४/ २६ गतेको पत्रानुसार बर्दिबास नगरपालिका वडा नं. १२ बस्ने रुपो सदाको नाती सोनु सदा सर्पको टोकाईबाट जनसेवा अस्पताल गौरीडाँडामा उपरातार्थ रहेको र निजको आर्थिक अवस्था कमजोर रहेकोले अस्पतालमा भएको सम्पुर्ण खर्च नगरपालिकाले व्यहोर्ने,

१४) प्रस्ताव नम्बर चौध उपर छलफल गर्दा, बर्दिबास अस्पतालमा हाड जोर्नी सम्बन्धी बिरामीहरुको चाप अत्याधिक देखिएकोले तहाँ हाल कार्यरत हाड जोर्नी विशेषज्ञ चिकित्सक श्री चन्द्रमणी खत्रीसँग सम्झौता गरी विशेषज्ञ सेवा लिने निर्णय गरियो।

१५) प्रस्ताव नम्बर पन्ध्र उपर छलफल गर्दा, बर्दिबास नगरपालिका वडा नं. ६ र ७ स्थित दुइ वटै स्वास्थ्य केन्द्रहरु खोला पारी रहेकोले खोला वारी रहेका सेवाग्राहीहरुलाइ असुविधा भएकोले वडा नं. ७ को हनुमान चौँक स्थित सामुदायिक भवनमा शहरी स्वास्थ्य केन्द्र सञ्चालन गर्ने निर्णय गरियो।

१६) प्रस्ताव नम्बर सोह्र उपर छलफल गर्दा, प्रस्तावक डिप्लोमा कन्स्ट्रक्सन एंड सप्लार्यस प्रा.लि. रहेको बर्दिबास नगरपालिका वडा नं. ५ स्थित श्रीमान भिम बहादुर कार्की, अनिल श्रेष्ठ र श्रीमती विमला देवी बादीकारको नाममा रहेको कित्ता नं. ३२,४१ र २४ को नीजि जगाबाट साधारण निर्माणमुखी ग्राभेल,माटोको दिगो एवम बातावरणमैत्री संकलन तथा उत्खनन् कार्यको लागि नीजि जगाको ढुङ्गा,गट्टी,वालुवा र माटो उत्खनन् संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धि कार्यविधि,२०८२ बमोजिम कार्यसूचि(TOR) स्वीकृत गर्ने निर्णय गरियो।